सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ बमोजिम

# सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को बुँदा नं. १० मा उल्लेख भएको सूचना अद्यावधिक गर्ने र ३/३ महिनामा प्रकाशन गर्ने सम्बन्धी सूचना

## गण्डकी प्रदेश नीति तथा योजना आयोगको स्वरुप र प्रकृति

गण्डकी प्रदेशको तीव्र आर्थिक वृद्धि र सन्तुलित तथा दिगो विकासका लागि आवधिक योजनाको तर्जुमा, कार्यान्वयनमा सहजीकरण, तहगत समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने र नीतिको अनुसन्धान तथा विकास गरी गण्डकी प्रदेश सरकारलाई सल्लाह र सहयोग प्रदान गर्ने उद्देश्य सहित गण्डकी प्रदेश नीति तथा योजना आयोगको गठन भएको हो। "गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)" अनुसार प्रदेश सरकारद्वारा गठित विशिष्टीकृत निकाय हो। वि.सं. २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भए पश्चात् २०७४ फागुन ४ गते प्रदेश सरकार स्थापना भई २०७५ साउन ६ गते प्रदेश नीति तथा योजना आयोग गठन गरेको थियो भने आयोगले २०७५ साउन २२ गतेदेखि औपचारिकरुपमा आफ्नो कार्य प्रारम्भ गरेको थियो। हाल “गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)" प्रचलनमा रहेको र सोही कानूनी व्यवस्था बमोजिम आयोगले कार्य गरिरहेको छ।

गण्डकी प्रदेश नीति तथा योजना आयोग प्रदेश विकास परिषद् अन्तर्गत रहेको गण्डकी प्रदेशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने उपल्लो निकाय हो। यसले आवधिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दै आएको छ। यसले विकास योजना, नीति तथा कार्यक्रमहरूको अनुगमन र मूल्याङ्कनको लागि प्रादेशिक निकायको रूपमा कार्य गर्दछ। यसैगरी यस आयोगले प्रदेशको आर्थिक विकास सम्बद्ध विषयहरूमा विचार आदानप्रदान, बहस, छलफल र अन्तरक्रियाका लागि एउटा मञ्चको रूपमा कार्य गर्दछ। यसबाहेक यसले नागरिक समाज, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रको समस्याहरू विश्लेषण गर्ने र समाधान गर्ने संस्थाको रूपमा समेत सेवा प्रदान गर्दछ।

प्रदेश सरकारको प्रमुख सचिव र आर्थिक मामिला सचिव आयोगको पदेन सदस्यको रूपमा रहने व्यवस्था छ। आयोगका सदस्य सचिवले आयोगको प्रशासकीय प्रमुखको रूपमा समेत कार्य गर्ने व्यवस्था रहेको छ। आयोगको प्रशासनिक संगठन संरचना अनुसार ४ वटा शाखाहरू रहेका छन्।

## गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन

गण्डकी प्रदेशमा तीव्र आर्थिक प्रगति र सन्तुलित तथा दिगो विकासका लागि दूरगामी सोच सहितको विकास नीति तथा योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन र मूल्याङ्कन गर्न एक गण्डकी प्रदेश नीति तथा योजना आयोग गठन गरिएको छ।

| | |
|---|---|
| (क) मुख्यमन्त्री | अध्यक्ष |
| (ख) प्रदेश सरकारबाट नियुक्त एकजना | उपाध्यक्ष |
| (ग) प्रदेश सरकारबाट नियुक्त कम्तीमा एक महिला सहित बढीमा दुईजना | सदस्य |
| (घ) प्रमुख सचिव, प्रदेश सरकार | सदस्य |
| (ङ) प्रदेश सचिव, अर्थ मन्त्रालय | सदस्य |
| (च) सचिव, प्रदेश नीति तथा योजना आयोग | सदस्य सचिव |

माथि (ख) र (ग) बमोजिम उपाध्यक्ष र सदस्यको नियुक्ति गर्दा आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास, विज्ञान तथा प्रविधि र प्राकृतिक स्रोत वा मानव स्रोत व्यवस्थापन, वातावरण वा जलवायु परिवर्तन सम्बन्धी विषयविज्ञ मध्येबाट नियुक्ति गरिने व्यवस्था छ।

## गण्डकी प्रदेश नीति तथा योजना आयोगको काम कर्तव्य र अधिकार

यस आयोगलाई योजना तर्जुमा र नीति निर्माण सम्बन्धमा तपसिल बमोजिमका कार्यादेश प्राप्त छ।

(क) दीर्घकालीन नीति तथा योजना तर्जुमा

(ख) अनुगमन तथा मूल्याङ्कन

(ग) तहगत समन्वय

(घ) अध्ययन, अनुसन्धान तथा अन्वेषण

## प्रचलित कानून तथा अन्य आदेशमा लेखिएका काम, कर्तव्य र अधिकार

**क) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८**

१. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने (ऐनको दफा ५)

२. स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्नेः

३. ऐनको दफा ७ बमोजिम बजेट सीमा र मार्गदर्शन पठाउने दायित्व नीति तथा योजना आयोगको रहेकोः

४. ऐनको दफा ८ बमोजिम बजेट प्रस्तावमा छलफल गरी अर्थ मन्त्रालयमा पठाउनु पर्नेः

**(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ अनुसार नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र दफा २२ अनुसार राजश्व र व्ययको अनुमान पेश गर्दा मध्यमकालीन खर्च संरचना समेत पेश गर्नुपर्ने व्यवस्था रहेको छ।

**(ग) प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९**

**१. मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया र समय सीमाः**

२. **बजेट तर्जुमा प्रक्रियाः**

**३. आयोजनाको वर्गीकरणः**

**(घ) प्रदेश स्रोत अनुमान समितिको गठनः**

ऐनको दफा ६ को उपदफा २ बमोजिम प्रदेश स्रोत अनुमान समितिको संरचना देहायबमोजिम हुनेः

| | |
|---|---|
| क. उपाध्यक्ष, नीति तथा योजना आयोग | — संयोजक |
| ख. सदस्य (समष्टिगत आर्थिक क्षेत्र हेर्ने) नीति तथा योजना आयोग | —सदस्य |
| ग. सचिव आर्थिक मामिला मन्त्रालय | — सदस्य |
| घ. प्रमुख, नेपाल राष्ट्र बैंक पोखरा शाखा | — सदस्य |
| ङ. प्रमुख, प्रदेश लेखा नियन्त्रक कार्यालय | — सदस्य |
| च. सदस्य—सचिव, प्रदेश नीति तथा योजना आयोग | — सदस्य—सचिव |

नियमावलीको नियम १२ मा स्रोत अनुमान समितिको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ।

## आयोगको गठन आदेश र अन्य संस्थागत तथा कार्यगत व्यवस्था

१ प्रदेश विकास परिषद्

२ प्रदेश विकास समस्या समाधान समिति

३ प्रदेश स्रोत अनुमान समिति

## प्रदेश नीति तथा योजना आयोगमा कार्यरत कर्मचारी संख्या र कार्य विवरणः

### कर्मचारी संख्या

गण्डकी प्रदेश सरकारबाट स्वीकृत प्रदेश नीति तथा योजना आयोगको कुल दरबन्दी संख्या-२३ जना

हाल प्रदेश नीति तथा योजना आयोगमा विभिन्न पदमा कार्यरत कर्मचारी संख्या- १६ जना

उपसचिव, तथ्याङ्क अधिकृतको सेवा निवृत भएको र अधिकृत छैटौ को सरुवा भएको।

### कार्यरत कर्मचारी विवरण

| | | |
|---|---|---|
| | सचिव | -१ जना |
| १. | **प्रशासन शाखाः-** | |
| | अधिकृतस्तर आठौ | - १ जना |
| | शाखा अधिकृत | - १ जना |
| | आर्थिक प्रशासन तर्फ अधिकृतस्तर छैंठौं | - १ जना |
| | कम्प्युटर अधिकृत छैंठौं | - १ जना |
| | ना.सु. प्रशासन | - २ जना |
| | ह.स.चा | - ४ जना |
| | का.स. | - ४ जना |
| २. | **अनुसन्धान तथा तथ्याङ्क शाखाः-** | |
| | तथ्याङ्क अधिकृत | -१ जना |

## निकायबाट प्रदान गरिने सेवाः

प्रदेश सरकारको प्रदेश योजना तर्जुमा, कार्यान्वयन, सहजीकरण, अनुगमन तथा मूल्याङ्कन गर्ने, नीतिको अनुसन्धान तथा विकास गर्ने, प्रदेशको आवधिक योजना तयार गर्ने, प्रदेश सरकारको नीति तथा कार्यक्रम तयार गर्ने, प्रदेश सरकारको बजेटको स्रोत सुनिश्चित गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, स्थानीय तहको आवधिक योजना निर्माणमा परामर्श तथा सहजीकरण लगायत अन्तरतह समन्वय गर्ने ।

## स्वीकृत दरबन्दी अनुसार सेवा प्रदान गर्ने चार शाखा र जिम्मेवार अधिकारी

प्रशासन शाखाः- अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)

आर्थिक तथा सामाजिक विकास शाखाः- अर्थशास्त्री (अधिकृतस्तर सातौं/आठौं)

पूर्वाधार विकास तथा अनुगमन शाखाः- अधिकृतस्तर सातौं/आठौं (सामान्य प्रशासन)

अनुसन्धान तथा तथ्याङ्क शाखा :- तथ्याङ्क अधिकृत (अधिकृतस्तर सातौं/आठौं)

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

प्रदेश नीति तथा योजना आयोगबाट प्रदान गरिने कुनै पनि सेवा वापत कुनै शुल्क लाग्ने छैन र सेवा प्रवाह सेवाको प्रकृति हेरी तुरुन्तै वा तोकिएको समयावधिमा हुनेछ ।

## निर्णय गर्ने प्रक्रिया र अधिकारीः

नीतिगत निर्णयहरु आयोगको पूर्ण बैठक र आयोगको नियमित बैठकबाट, प्रशासनिक निर्णय सदस्य सचिवस्तरीय निर्णयबाट वा कार्यालय प्रमुखस्तरीय निर्णयबाट हुने र निर्णय गर्ने अधिकारी प्रशासनिक निर्णयको हकमा सदस्य-सचिव वा कार्यालय प्रमुख हुने ।

## निर्णय उपर उजुरी सुन्ने अधिकारीः

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारीः आयोगका सचिव

## आर्थिक वर्ष २०८०/८१ कार्तिक देखि पौष सम्म तीन महिनाको अवधिमा आयोगबाट सम्पादित मुख्य-मुख्य कामको विवरणः

- गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ -८५/८६) को तर्जुमा सम्बन्धमा **गण्डकी प्रदेशका पत्रकारहरुसँग रणनीति योजना** विषयमा विज्ञहरुको उपस्थितिमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न।
- प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन — २०७७ मा व्यवस्था भए बमोजिम गण्डकी प्रदेशका मुख्यमन्त्री तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगका अध्यक्ष माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेज्यूको अध्यक्षतामा प्रदेश विकास समस्या समाधान समितिको बैठक एवम् आर्थिक वर्ष २०७९/८० को तेस्रो चौमासिक तथा वार्षिक प्रगति समीक्षा कार्यक्रम सम्पन्न।
- दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ -८५/८६) को स्वीकृत अवधारणा पत्र पश्चात सोही अनुरुप योजना निर्माण सम्बन्धमा तनहुँ, स्याङ्गजा र कास्की जिल्लामा सरोकारवालाहरुसँग छलफल कार्यक्रम सम्पन्न।
- **गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको अवस्था** विषयमा दिगो विकास लक्ष्य समन्वय समितिको बैठक सम्पन्न।
- नेपाल सरकारको सोह्रौं योजना र गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ -८५/८६) को अवधारणा तर्जुमा सम्बन्धमा राय सुझावका लागि अन्तर्क्रिया कार्यक्रम सम्पन्न।
- दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२ -८५/८६) प्रारुप, अवधारणा र सुझाव संकलन सम्बन्धमा विभिन्न चरणमा प्रदेश र स्थानीय तहको सहभागितामा छलफल कार्यक्रम सम्पन्न।

## प्रवक्ता, सूचना अधिकारी र प्रमुखको नाम र पद

**सूचना अधिकारी** : सन्तोष देवकोटा

**पदः-** कम्प्यूटर अधिकृत (छैटौं)

**कार्यालय प्रमुखः-** बद्रिनाथ अधिकारी

**पदः-** सचिव

## ऐन, नियम, विनियम वा निर्देशिकाः

गण्डकी प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ (संशोधन सहित)।

## २०८० चैत्र मसान्तसम्मको खर्चको फाँटबारी

### चालु तर्फः

| बजेट उपशीर्षक | अन्तिम बजेट कुल जम्मा (रु.मा) | चैत्र मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | चैत्र मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११३ | ६,६१,००,०००।- | २,३५,८५,७५०।- | ४,२५,१४,२५०।- | ३८.११ |

### पुँजीगत तर्फः

| बजेट उपशीर्षक | अन्तिम बजेट कुल जम्मा (रु.मा) | चैत्र मसान्त सम्मको खर्च | बाँकी रहेको बजेट | चैत्र मसान्त सम्मको खर्चको प्रतिशत (%) |
|---|---|---|---|---|
| ३९१०००११४ | ५०,००,०००।- | २५,५६,७८२।- | २४,४३,२१८।- | ५१.१३ |
| **कुल जम्मा** | **७,११,००,०००।-** | **२,६१,४२,५३२।-** | **४,४९,५७,४६८।-** | **४४.६०** |

## तोकिए बमोजिमका अन्य विवरणः

तोकिए बमोजिमका अन्य विवरण प्रचलित कानून र प्रदेश सरकार गण्डकी प्रदेशले तोके बमोजिम हुने ।